# आफ्नो रुचि र खुबी पहिचान गरी मात्रै वृत्ति (Career) रोजौ

विद्यार्थीलाई घोक्रयाइको भने झोक्रिन्छ भन्ने भनाइ रहेको पाइन्छ । वास्तवमै हामीले विद्यार्थीका रुचि, खुबी र क्षमता पहिचान गर्न सकेको खण्डमा उसले समयमै वृत्ति विकासको अवसर प्राप्त गर्दछ । यो कार्यमा शिक्षक र अभिभावकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हाल नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले विद्यालयस्तरमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनमा ल्याएको छ । जुन विद्यार्थीका लागि अत्यन्तै उपयोगी रहेको छ । हाल कक्षा ९ का बालबालिकाहरूलाई लक्षित गरी केही विद्यालयमा यो कार्यक्रम कार्यान्वयन भइरहेको छ । जसले विद्यार्थीहरूलाई जागीर र वृत्तिमा फरक रहेको अनुभूति गराउन प्रेरित गर्ने विश्वास गरिएको छ । साथै विद्यार्थीले विद्यालय तहबाट नै आफ्नो रुचिअनुसारको वृत्ति रोज्न सकेको खण्डमा सम्बन्धित क्षेत्रमा विशेषज्ञता हासिल गर्दै जीवनयापनमा सहजता आउन सक्छ । साथै विदेश जाने मोहमा समेत कमी आउन सक्दछ ।

## जागिर र वृत्ति

कुनै पनि व्यक्तिले आफ्नो व्यक्तिगत क्षमता पहिचान गर्दै उक्त क्षमतालाई जीवनयापनसँग जोडी समाजमा योगदान पुर्याउनु नै वृत्ति (Career) हो । वृत्ति र जागिरलाई उस्तै उस्तै रुपमा लिइने गरिएको भएतापनि यी दुईको बिचमा भिन्नता छ । जागिर एउटा भूमिका मात्र हो । जागिर पैसाको लागि गरिन्छ, तर वृत्ति एउटा लक्ष्य सहितको लामो यात्रा हो, जसमा व्यक्तिले प्राप्त गर्नुपर्ने शिक्षा, निर्वाह गर्नुपर्ने विभिन्न भूमिका, अनुभव र गन्तव्यमा पुग्ने स्पष्ट मार्गचित्र हुन्छ । जागिर वृत्तिको एउटा अंश मात्र हो । एउटै वृत्ति भित्र धेरै जागिर हुनसक्छन् ।

वृत्ति चयनमा व्यक्ति स्वतन्त्र हुनुपर्ने, व्यक्तित्व र वृत्तिको प्रकृतिमा तालमेल हुनुपर्ने, वृत्तिको विकासका लागि व्यक्तिले आवश्यकता अनुसार शिक्षा तथा तालिम लिएको हुनुपर्ने, वृत्तिको प्रारम्भदेखि अवकाससम्म निरन्तर क्षमता विकासमा जोड दिनुपर्ने र व्यक्तिगत लाभका साथै सामाजिक विकासमा समेत योगदान पुर्याउनुपर्ने कार्य वृत्तिमा हुने गर्दछ । वृत्ति विकासका चारओटा सिद्धान्तहरू रहेका छन् । जसलाई देहायबमोजिम चर्चा गरिन्छ :

**१. चक्रीय शैलीको घुमाउरो वृद्धि सिद्धान्त :** यस सिद्धान्तले वृत्ति विकासलाई प्रकृतिको विकासको एक सामान्य नियमसँग दाँजेर हेरेको पाइन्छ । प्रकृतिका हरेक वस्तुको वृद्धि एउटा निश्चित बिन्दुबाट सुरु हुन्छ र बिस्तारै चक्रीय शैलीमा फैलँदै जान्छ । त्यसैगरी वृत्तिको विकास पनि चक्र जस्तो घुमाउरो तरिकाले हुन्छ । चक्रको हरेक तह एक आपसमा अन्तरसम्बन्धित हुन्छन् र नयाँ सिकाई प्रदान गर्दछन् । उक्त सिकाइ विगतको अनुभव र वर्तमान अवस्थाको उपज हो । जस्तैः कुनै व्यक्तिको सिपाही दर्जामा भर्ना भएदेखि सुरू भएको वृत्ति हवलदार, असई, सई, प्रहरी निरीक्षकसम्म आइपुग्दा प्रत्येक तहमा हुने सिकाई, अनुभव, जिम्मेवारी तथा गर्नुपर्ने कामहरू फरक फरक हुन्छन् तर एक अर्कामा अन्तरसम्बन्धित रहेका हुन्छन् ।

२.	**परिवर्तनशील तथा अपरिवर्तित सिद्धान्त :** समयको परिवर्तनसँगै संसारका धेरै कुराहरू परिवर्तन हुन्छन् । तर कतिपय कुराहरू स्थिर रहिरहन्छन् । समय र अवस्था अनुसार मानिसका रुचि, चाहना र आवश्यकता पनि परिवर्तन हुँदै जान्छन्, तर गुणस्तरको माग र मानिसको खुबी अपरिवर्तित हुन्छन् । त्यसकारण वृत्ति छनोट गर्दा परिवर्तित समाज, तत्कालीन आवश्यकता, प्रविधिको विकास र वृत्तिका नविन अवसरहरुमा ध्यान पुर्याउनु पर्दछ । जस्तैः समय अनुसार भेषभूषा र प्रविधि परिवर्तन हुन्छन् । त्यसैले त्यसप्रति सचेत भई समयमै के कुरामा आफूलाई परिवर्तन गर्ने हो भन्नेमा सचेत हुनुपर्छ ।स्थिर सिद्धान्तले म यो संस्थामा कति माथि पुग्न सक्छु" भन्ने सोच्छ भने परिवर्तनशील सिद्धान्तले म आफ्नो सिप बढाएर अन्य कुन कुन क्षेत्रमा काम गर्न सक्छु" भनेर सोच्छ।जस्तै : कुनै व्यक्तिले शिक्षण वृत्ति रोज्यो भने शिक्षण पेसाभित्रै रही वृत्ति विकासको अवसर खोज्छ भने त्यो अपरिवर्तनशील सिद्धान्त हो भने शिक्षणमा रहँदाको बखत उक्त पेसा बाहेकको अन्य पेसामा अवसरको खोजी गर्नु परिवर्तनशील सिद्धान्त हो ।

**३. आफू सुहाउँदो वृत्ति सिद्धान्त :** वृत्तिको यो सिद्धान्तले प्रत्येक व्यक्तिले आफ्नो रुचि, खुबी र क्षमता सुहाउँदो वृत्ति छनोट गर्नुपर्दछ भन्ने कुरामा जोड दिन्छ । कुनै वृत्ति लोकप्रिय छ भन्दैमा त्यो वृत्ति सबैका लागि उपयुक्त हुन्छ भन्ने हुँदैन । साथीहरूको देखासिकीमा लागेर वृत्ति छनोट गर्नुहुँदैन । वृत्ति छनोट गर्नुभन्दा पहिले आफूलाई बुझ्नुपर्दछ र आफूलाई उपयुक्त हुने वृत्ति छनोट गर्नुपर्छ । यस्तो छनोटले सफलता दिलाउँछ । मानौं, राकेश भन्ने एकजना व्यक्ति छन्। उनलाई मान्छेहरूसँग कुरा गर्न, नयाँ योजना बनाउन र नेतृत्व लिन निकै मन पर्छ भने उनी उद्यमी/Enterprising' हुन सक्छन् ।

**४. मानवता र वातावरणप्रति संवेदनशीलताको सिद्धान्त** :	वृत्ति छनोटका क्रममा त्यसले पार्ने दीर्घकालीन प्रभावको लेखाजोखा गर्नुपर्दछ । वृत्ति चयनका क्रममा आर्थिक मुनाफालाई मात्रै ध्यान दिनुको साँटो यसको मानवता र वातावरणप्रतिको संवेदनशीलताको पनि ख्याल गर्नुपर्छ । वृत्ति मानवता र वातावरणमैत्री हुनुपर्छ । अरुलाई शोषण गर्ने, हानिकारक सामग्रीको आपूर्ति गर्ने, वन विनाश गर्ने, चोरीशिकार गर्ने जस्ता कार्यबाट आर्थिक उपार्जन भएतापनि यस्ता कार्यले समाज र वातावरणमा नकारात्मक असर गर्दछन् । त्यसकारण वृत्ति चयनमा क्षणिक व्यक्तिगत फाइदा भन्दा पनि दिगो सोच लिनुपर्छ, जसले आत्मसन्तुष्टि प्रदान गर्छ । मानवता र वातावरणलाई पनि फाइदा गर्छ ।

## वृत्ति खोजी पथ - चार चरण

**(क) आफूलाई बुझ्नु (Understanding yourself) :** वृत्तिपथ खोजीको पहिलो चरण आफूलाई बुझ्नु हो । वृत्ति खोजी गर्ने कार्यको सुरुवात आफैबाट गर्नुपर्छ । वृत्ति छनोट गर्नुअघि आफ्नो रुचि, खुबी र क्षमता पहिचान गर्नुपर्छ । कुनै वृत्ति प्रतिको आफ्नो धारणा र विश्वासलाई पनि बुझ्नुपर्छ । आफूलाई रमाइलो लाग्ने र त्यसमै हराउन मन लाग्ने कुरा नै रुचि (Interest) हो । व्यक्तिको रुचि समय, परिस्थिति र वातावरण अनुसार परिवर्तन हुनसक्छ । त्यसकारण व्यक्तिले सर्वप्रथम आफ्नो रुचि अनुसारको काम पत्ता लगाउनु पर्दछ । त्यसैगरी मानिसमा जन्मजात केही विशेष प्रतिभा आएको हुन्छ, जसका कारण ऊ कुनै काममा स्वतः राम्रो हुन्छ र त्यो

कामलाई निपूर्ण तरिकाले गर्नसक्छ । उक्त जन्मजात विशेष प्रतिभालाई खुबी (Aptitude) भनिन्छ । खुबी तुलनात्मक रुपमा अपरिवर्तनशील हुन्छ तर समयमै सही वातावरण दिन सकेमा खुबीलाई तिखार्न सकिन्छ । रुचि र खुबीको मिलनबाट क्षमता बन्छ । यदि कुनै व्यक्तिलाई केही काम गर्न रमाइलो लाग्छ र त्यो कामलाई उसले निपूर्णतापूर्वक गर्नसक्छ भने त्यसकाममा उसको क्षमता (Potential) छ भन्ने बुझिन्छ । यसरी व्यक्तिले आफ्नो रुचि, खुबी, क्षमता र वृत्ति विश्वास अनुरुपको वृत्ति रोज्नु पर्दछ ।

**(ख) कामको संसारलाई बुझ्नु (Understanding the world of work)** : वृत्तिपथ खोजीको दोस्रो चरण कामको संसारलाई बुझ्नु हो । कामको संसार भनेको श्रम बजार (Labor Market) हो । श्रम बजारले वृत्तिको नाम, परिभाषा, काम, आवश्यक योग्यता र आम्दानीको बारेमा जानकारी प्राप्त गर्न सहयोग गर्दछ । आफूलाई बुझिसकेपछि श्रम बजारमा आफ्नो क्षमतासँग मेल खाने के कस्ता वृत्तिहरू उपलब्ध छन् ? ती वृत्तिहरूमा के के कामहरू गर्नु पर्दछ ? ती वृत्तिलाई आवश्यक पर्ने योग्यता के के हुन् ? ती वृत्तिबाट के–कस्तो आम्दानी प्राप्त गर्न सकिन्छ ? जस्ता प्रश्नहरूको उत्तर खोजिन्छ । यसबाट व्यक्तिले शैक्षिक, श्रम बजारको जानकारीका साथै वृत्तिको जानकारी प्राप्त गर्दछ ।

**(ग) वृत्तिका विकल्पहरूको विकास (Career Alternatives) :** वृत्तिपथ खोजीको तेस्रो चरणमा वृत्तिका विकल्पहरूको विकास गरिन्छ । व्यक्तिले आफ्नो रुचि, खुबी र क्षमतासँग मेल खाने विभिन्न वृत्तिको छनोट गर्दछ । एकभन्दा बढी वृत्ति छनोट गर्नाले भविष्यमा धेरै मार्गहरु खुला रहन्छन्, वैकल्पिक उपायहरु रहिरहन्छ । कुनै कारणवश पहिलो वृत्ति तयारी गर्न सकिएन भने दोस्रो वा तेस्रो वृत्तिलाई पछ्याउन सकिन्छ ।

**(घ) वृत्ति तयारी (Career Preparation)**: : वृत्तिपथ खोजीको अन्तिम अथवा चौथो चरण वृत्ति तयारी गर्ने हो । छनोट गरेको वृत्तिको समय अनुकुल तयारी गर्दै जानुपर्दछ । त्यसका लागि अल्पकालीन तथा दीर्घकालीन लक्ष्य निर्धारण गरी तिनको प्राप्तिमा विभिन्न शैक्षिक तथा अन्य क्रियाकलाप गर्दै जानुपर्दछ । जस्तै : नर्सिङ वृत्ति छनोट गरेको व्यक्तिले नर्सिङ्ग कोर्स अध्ययन गर्ने, जागिरको लागि सोधखोज गर्ने, बायोडाटा तयार गर्ने, अन्तरवार्ताको लागि तयारी गर्ने लगायतका कार्यहरु वृत्तिको तयारी भित्र पर्छन् ।

## रुचि र खुबी

**रुचि :** वृत्ति छनोट गर्दा रुचि र खुबीलाई मध्यनजर गर्नु अनिवार्य छ । रूचि र खुबी अनुसार वृत्ति चयन भएको अवस्थामा जीवनमा सन्तुष्टि र सफलता मिल्छ । आफूलाई जुन काम गर्दा रमाइलो लाग्छ त्यसमै रम्न मन लाग्छ त्यो नै उसको रुचि (Interest) मानिन्छ । रुचिकर क्रियाकलापले सजिलै ध्यान तान्छ र त्यस्तो काममा उसलाई झिंझो लाग्दैन । रुचि भएतापनि कतिपय कार्यहरु व्यक्तिले जानेका हुँदैनन् । रुचि परिवर्तनशील छ । यो समय, उमेर, वस्तुस्थिति र वातावरणको प्रभावले यसमा फेरबदल आइरहन्छ ।

**खुबी :** व्यक्तिमा जन्मजात रुपमा नै केही न केही क्षमता आएको हुन्छ । उक्त क्षमताका कारण ऊ कुनै काममा स्वतः राम्रो हुन्छ, सक्षम हुन्छ र अब्बल हुन्छ । त्यही विशेष प्रकारको गुण नै खुबी (Aptitude) हो । यो एक प्राकृतिक क्षमता हो । यस्तो क्षमता शारीरिक वा मानसिक जुन रुपमा पनि हुन सक्छ । यदि बेलैमा सही वातावरण पाएको अवस्थामा व्यक्तिले आफूमा भएको खुबीलाई थप मजबुद बनाउन सक्छ । कुनै व्यक्तिमा केही काम गर्ने खुबी हुँदैमा त्यही काममा उसको रुचि पनि हुन्छ भन्ने चाहिँ नहुन सक्छ ।

**वृत्ति विश्वास :**

व्यक्तिको वृत्ति प्रतिको धारणालाई वृत्ति विश्वास भनिन्छ । यो व्यक्तिको मनमा गढेर बसेको वृत्ति प्रतिको आस्था वा मनोवृत्ति हो । वृत्ति विश्वासमा व्यक्तिको सामाजिक, आर्थिक अवस्था, सांस्कृतिक मूल्य—मान्यता तथा पारिवारिक वातावरणको महत्वपूर्ण भूमिका हुन्छ । वृत्ति विश्वासले केवल एउटा व्यक्तिको मात्र विश्वासलाई नभएर उसको समग्र समुदायको विश्वासलाई समेत प्रतिनिधित्व गर्दछ । वृत्ति विश्वास एउटा समुदायबाट अर्को समुदाय र एउटा पिँढीबाट अर्को पिँढीमा सरिरहेको हुन्छ । यो सधैं विवेकयुक्त तथा तार्किक हुन्छ भन्ने हुदैन । वृत्ति विश्वास व्यक्ति—व्यक्ति र समुदाय—समुदाय अनुसार फरक हुनसक्दछ । वृत्ति छनोट गर्दै गर्दा आफ्नो वृत्ति प्रति कस्तो विश्वास छ भन्ने कुराले निकै अहं भूमिका खेल्छ । वृत्तिमा मानिस सफल वा असफल हुने कुरा उसको वृत्ति विश्वाससँग प्रत्यक्ष रुपमा जोडिएको हुन्छ । त्यसकारण वृत्ति छनोट गर्दा वृत्ति प्रतिको आफ्नो विश्वास मनन गर्नु आवश्यक छ ।

**वृत्तिसँग सम्बन्धित पाँच क्षमता (Five Potentials)**

**१. भाषिक क्षमता (Linguistic Potential)**

भाषिक क्षमता भनेको मौखिक वा लिखित रूपमा शब्दसँग खेल्न सक्ने क्षमता हो । यो क्षमता प्रवल भएका मानिसहरू शब्दलाई प्रभावकारी ढंगले प्रयोग गर्न सक्ने, आफ्नो बिचार स्पष्ट रुपमा राख्न सक्ने, आफूले जानेको कुरा अरुलाई बुझाउन/सिकाउन सक्ने, बोल्न तथा तर्क-वितर्क गर्न सक्ने, कलात्मक ढंगले कुराकानी गर्न सक्ने, आफ्नो बिचार, भावना र अनुभवलाई कथा, कविता, निबन्धमा व्यक्त गर्न सक्ने, शब्दको अर्थमा विशेष ख्याल राख्न सक्ने र लेखन कलामा निपुण हुन्छन् । उदाहरणका लागि शिक्षक, प्रशिक्षक, लेखक, कथाकार, वकिल, पत्रकार, सम्पादक आदि भाषिक क्षमता राम्रो भएका व्यक्तिहरू हुन् ।

**२. विश्लेषणात्मक-तार्किक क्षमता (Analytical-logical Potential)**

तथ्य र तथ्याङ्कसँग खेल्न सक्ने क्षमतालाई विश्लेषणात्मक-तार्किक क्षमता भनिन्छ । यो क्षमता राम्रो भएका मानिसहरू कुनैपनि विषयमा तर्क दिन सक्ने, हिसाबकिताब र सुत्रहरूसँग काम गर्न सक्ने, प्राप्त तथ्य, तथ्याङ्क र सूचनालाई विश्लेषण गर्न सक्ने र बिचार विमर्श गरी समस्याको समाधान प्रभावकारी रूपले गर्न सक्छन् । तथ्याङ्क (data) केलाएर आँकलन गर्ने, पैसाको हिसाब राख्ने, योजना बनाउने र कार्यान्वयन गर्ने जस्ता कामको अग्रपंक्तिमा यो क्षमता भएका व्यक्तिहरू पाइन्छन् । कुनैपनि बिषयवस्तुमा तर्क वितर्क गर्ने काममा यस्ता व्यक्तिहरू अब्बल हुन्छन् । त्यसैगरी कुनै पनि कामको कारण र प्रभाव सम्बन्ध (cause-

effect relationship) हेर्ने काम गर्ने व्यक्तिहरूमा पनि यो क्षमता उच्च रहेको हुन्छ । उदाहरणको लागि गणितविज्ञ, लेखापाल, वैज्ञानिक, कम्प्युटरविज्ञ, अनुसन्धानकर्ता आदिमा विश्लेषणात्मक-तार्किक क्षमता प्रवल रहेको हुन्छ ।

**३. स्थलगत क्षमता (Spatial Potential)**

रङ र आकारसँग खेल्न सक्ने क्षमतालाई स्थलगत क्षमता भनिन्छ। स्थान र रङलाई कहाँ र कसरी प्रयोग गर्ने, कुन वस्तुलाई कस्तो आकार दिने जस्ता काम गर्न स्थलगत क्षमताको आवश्यकता पर्दछ। यो क्षमता प्रवल भएका मानिसहरूले कुनै पनि स्थानलाई आफ्नो कल्पना अनुसार सजाउन सक्छन्। आफ्नो भावना तथा अनुभवलाई चित्रमा उतार्न सक्छन्। प्लास्टिक वा अन्य सामग्रीबाट नयाँ वस्तु उत्पादन गर्न सक्छन्। व्यक्ति वा वस्तुको शारीरिक छवि सजिलैसँग कोर्न सक्छन् । उनीहरू ग्राफ, चार्ट, टेबुल, चित्र आदिको प्रभावकारी ढंगले व्याख्या विश्लेषण गर्न सक्दछन्। उदाहरणको लागि आर्किटेक्ट इन्जिनियर, ब्युटिसियन, फेसन डिजाइनर, पेन्टर, मूर्तिकार आदि स्थलगत क्षमता राम्रो भएका व्यक्तिहरू हुन् ।

**४. व्यक्तिगत क्षमता( Personal Potential)**

व्यक्तिगत क्षमतामा वैयक्तिक (Intrapersonal) र अन्तरवैयक्तिक (Interpersonal) दुवै क्षमताहरू पर्दछन् । आफ्ना भावना, संवेग, बिचार, मनस्थिति र स्वभावप्रति सचेत रही केही काम गर्न सक्ने क्षमतालाई वैयक्तिक क्षमता भनिन्छ । यस्तो क्षमता भएका व्यक्तिहरू आत्मसचेत रहने, आफ्ना सवल पक्ष र दुर्वल पक्षको आत्मसमिक्षा गर्न सक्ने, नयाँ नयाँ सिद्धान्त र बिचारहरू विश्लेषण गर्न रमाउने खालका हुन्छन् । उदाहरणका लागि लेखक, दार्शनिक, वैज्ञानिक, सिद्धान्त प्रतिपादक, विश्लेषक आदि वैयक्तिक क्षमता प्रवल भएका व्यक्तिहरू हुन् । अरुका भावना, संवेग, बिचार, मनस्थिति र स्वभावप्रति सचेत रही केहि काम गर्न सक्ने क्षमतालाई अन्तरवैयक्तिक क्षमता भनिन्छ । यस्तो क्षमता भएका व्यक्तिहरू अरुको समस्यालाई बुझ्न सक्ने, अरुको सम्मान र विश्वास जित्न सक्ने, आफ्नो बोलि व्यवहारबाट अरुलाई प्रभाव पार्न र परिवर्तन गर्न सक्ने, अरु व्यक्तिहरूलाई स्वभाविक ढंगले भेटघाट गर्न सक्ने र उनीहरूसँग घुलमिल हुन सक्ने खालका हुन्छन् । उदाहरणका लागि समाजसेवी, परामर्शकर्ता, नर्स, वेटर, हेरचाहकर्ता, बारटेन्डर, रिसेप्सनिष्ट, बजार व्यवस्थापक आदि अन्तरवैयक्तिक क्षमता प्रवल भएका व्यक्तिहरू हुन् ।

**५. शारीरिक-यान्त्रिक क्षमता (Physical-mechanical Potential)**

आफ्नो शरिरलाई कुशल ढंगले प्रयोग गर्न सक्ने क्षमतालाई शारीरिक-यान्त्रिक क्षमता भनिन्छ । यस्तो क्षमता भएका व्यक्तिहरूको आँखा र हात तथा हात र गोडाको संयोजन एकदमै राम्रो हुन्छ । शारीरिक श्रम लाग्ने काममा यिनीहरूलाई वढी रूचि हुन्छ । यस्ता व्यक्तिहरू कुनै पनि क्रियाकलापप्रति छिट्टै शारीरिक प्रतिक्रिया जनाउने, कल-कारखानामा काम गर्न सक्ने, हातको मसिनो काम गर्न सक्ने, प्रविधिको प्रयोग गरी काम गर्न सक्ने, मेसिनसँग काम गर्न सक्ने खालका हुन्छन् । उदाहरणका लागि खेलाडी, नर्तक

(Dancer), कलाकार, कुक, सिकर्मी, डकर्मी, वेल्डर, मोबाइल मर्मतकर्ता, कृषक आदि शारीरिक-यान्त्रिक क्षमता राम्रो भएका व्यक्तिहरू हुन् ।

अतः उल्लिखित पाँचओटा क्षमतामध्ये विद्यार्थीले आफनो रुचिअनुसार कुनै पनि क्षमताअन्तर्गत आफ्नो वृत्ति रोज्न सक्दछ ।यसै कार्यमा सहजीकरण गर्ने उद्देश्यले युवा तथा विद्यार्थीलाई सही करियर छनौट गर्न धनगढीको हसनपुरमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्र समेत सञ्चालनमा आएको छ । आजभोली SEE पश्चात कक्षा ११ मा भर्ना हुने क्रम समेत जारी छ ।यहि समयमा विद्यार्थीले मेरो रुचि के हो र त्यो रुचिअनुसारको मेरो खुबी छ वा छैन भनि स्वयम् आफैले पहिचान गरी वृत्ति सुनिश्चित गर्नुपर्दछ । यस कार्यमा शिक्षक र अभिभावकले सहजीकरण गरिदिने हो भने विद्यार्थीले उचित मार्गनिर्देशन प्राप्त गर्न सक्दछ ।वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन भएका विद्यालयमा शिक्षकले डिजिटल माध्यमबाट विद्यार्थीको रुचि र खुबी पहिचान गरेर विद्यार्थीलाई उचित गाइड गर्दै आइरहेका छन् । यसप्रकार सबै विद्यालयहरूमा वृत्ति मार्गनिर्देशनमा सहजीकरण गर्ने शिक्षकको व्यवस्था हुनु जरूरी छ । जसले विद्यार्थीहरूको रुचि र खुबी पत्ता लगाइ उचित मार्गमा डोर्याउन सक्षम हुनेछन् र विद्यार्थी समेत लाभांवित हुने अपेक्षा गर्न सकिन्छ ।